# पुन: प्रयोग गर्न मिल्ने वस्तु · फोहोर छुट्याउने र विसर्जन गर्ने तरिका

2024 वर्ष
सिन्जुकु वार्ड
घरेलु प्रयोग

ネパール

※थप जानकारीको लागि कृपया पुस्तिका संस्करण हेर्नुहोला। सङ्कलन गर्ने दिन चेक गरी भर्नुहोस्।

## सङ्कलन गर्ने दिनको बिहान 8:00 बजे सम्म पुन:प्रयोग गर्न मिल्ने वस्तु! फोहोर सङ्कलन गर्ने ठाउँमा राख्नुहोस्।

वर्षाका दिनहरू र बिदाहरूका दिनमा ( वर्षको अन्त्य र नयाँ वर्षको बिदा बाहेक) पनि पुन: प्रयोग गर्न मिल्ने वस्तु/ फोहोर सङ्कलन गरिनेछ। साथै, आँधीबेहरीको मौसममा सङ्कलन समय ढिलो वा रद्द हुन सक्छ।

## पुन: प्रयोग गर्न मिल्ने वस्तु

हप्ताको एक पटक

बार

सङ्कलन गर्ने गाडीका आधारमा पुन: प्रयोग गर्न मिल्ने वस्तुको सङ्कलन समय फरक हुने गर्दछ।

### प्रयोग गरिएको कागज

- अखबार (चार गुणा, A4 साइज)
- म्यागजिन, किताब, विभिन्न कागजपत्र (म्यागजिन, किताब, नोटबुक, मिठाईको बक्स, पर्चा/ चिरासी, र्यापिङ पेपर, खाम, ट्वाइलेट पेपर रोल इत्यादि)
- कागजका प्याकेटहरु (पेय पदार्थ र खानाको लागि प्रयोग गर्ने)
- गत्ता/ कागजे कार्टुन

प्रकार अनुसार प्रत्येक फोहोरलाई डोरीले बाँधेर फाल्नुहोस्।

विभिन्न कागजपत्रलाई कागजको झोलामा राखेर फाल्दा पनि केहि फरक पर्दैन।

### पुन: प्रयोग गर्न मिल्ने प्लास्टिक (प्लास्टिकका उत्पादन, कन्टेनर र प्याकेजिङ्ग प्लास्टिक)

**प्लास्टिकका उत्पादन**
※१००% प्लास्टिकबाट बनेका लगभग ३० सेमी आकार भित्र भएको वस्तु

**प्लास्टिक प्याकेजिङ्ग कन्टेनर**
※उत्पादन या सामान राख्ने [ कन्टेनर], ज्यापिङ गर्ने [ प्याकेजिङ] प्लास्टिक

- बाथटब
- नाप्ने स्केल
- प्लास्टिकको झोला/ फिल्म
- कप
- खेलौना (ब्लक)
- प्लास्टिक ह्याङ्गर
- बोतल (प्लास्टिकका बोतल बाहेक)
- हावा बन्द भएको कन्टेनर
- दाँत माझ्ने ब्रश
- ट्रे/ प्याकेट
- स्टाइरोफोम आदि

यदि फोहोर हटाउन नसकिने वस्तु छ भने, त्यसलाई जलनशील फोहोरको रूपमा फाल्नुहोस्।

आगो निम्त्याउने सामग्रीहरू जस्तै लिथियम-आयन ब्याट्रीहरू वा मडिकल फोहोर नमिसाउनुहोस्।

कडाका साथै 5 मिमी वा सोभन्दा बढी बाक्लो भएका वस्तुहरू र 30 सेन्टीमिटर वर्गभन्दा ठूला वस्तुहरू लागु हुँदैन।

यदि फोहोर छ भने,त्यसलाई हल्का पानीले पखाल्नुहोस्।

### सिसाको बोतल

- पेय पदार्थ र खानाको लागि प्रयोग गर्ने
- कस्मेटिक्सको लागि प्रयोग गर्ने
- पिउने औषधिको लागि प्रयोग गर्ने

पानीले हल्का पखाल्नुहोस्।

### क्यान

- पेय पदार्थ र खानाको लागि प्रयोग गर्ने एल्युमिनियम क्यान र स्टिल क्यान

पानीले हल्का पखाल्नुहोस्।

### प्लास्टिकको बोतल

PET

बिर्को र बेरिएको लेबलहरू पुन: प्रयोग गर्न मिल्ने प्लास्टिकसँग फल्नुहोस्

पानीले हल्का पखाल्नुहोस्।

### स्प्रे क्यान/ क्यासेट सिलिन्डर/ सुक्खा ब्याट्री

※ सिक्काका प्रकारका लिथियम ब्याट्री(मोडेल नम्बर CR वा BR) पनि समावेश हुने

- म्यांगनीज ड्राई ब्याट्री
- अल्कालाइन ब्याट्री
- लिथियम प्राथमिक ब्याट्री

प्लास्टिकको बिर्को छ भने त्यसलाई पन: प्रयोग गर्न मिल्ने प्लास्टिकसँग फल्नुहोस्

स्प्रे क्यान र ग्यास कार्तुस वा सिलिन्डरलाई सकेसम्म सबै प्रयोग गरिसकेपछि फाल्ने गर्नुहोस्।

※पुन: प्रयोग गर्न मिल्ने वस्तुको सङ्कलनको लागि कन्टेनर ( भाडो/ नेट) प्रयोग गर्नुहुन्छ भने, झोलामा नराखिकन त्यतिकै फाल्नुहोस्।

## जलाउन मिल्ने फोहोर

हप्तामा २ पटक

बार

बार

### कुहिने फोहोर

पानी फालेर मात्र फाल्नु गर्नु होला।

### अन्य सामग्री समावेश भएका प्लास्टिक उत्पादनहरु

सफा गर्न नसकिने पुन: प्रयोग गर्न मिल्ने(रियुज) प्लास्टिक

कृपया ढक्कन भएको कन्टेनरमा वा भित्रको सामान देखिने पारदर्शक प्लास्टिकको झोलामा राख्नुहोस्।

### खाना पकाउने तेल

कागज वा कपडामा भिजाएर वा कोगुलेन्टले कडा बनाएर फाल्नुहोस्।

### कपडा, डिस्पोजेबल डायपर, आदि

कृपया फोहोरलाई हटाउनुहोस्।

### कागजका टुक्रा

### सानो मात्राका बिरुवाका हाँगा र पातहरु

कृपया 50cm भन्दा कमको लम्बाइ बनाउनुहोस्।

### रबर र छालाका उत्पादनहरू

## धातु/सिरेमिक/गिलासको फोहोर

महिनामा २ पटक

औं औं

बार

### धातु, सिरेमिक, गिलास, साना घरेलु उपकरणहरू, आदि

कृपया ढक्कन भएको कन्टेनरमा वा भित्रको सामान देखिने पारदर्शक प्लास्टिकको झोलामा राख्नुहोस्।

कृपया टुटेको गिलास, भाँडाकुँडा,काट्ने सामानलाई गत्ता वा बाक्लो कागजले बेरी बाहिरपट्टि (खतरनाक)भनेर लेख्नुहोस्।

### पारा भएको उत्पादनहरू अन्य फोहोरहरूबाट छुट्टै फाल्ने गर्नुहोस्।

**फ्लोरोसेन्ट बत्ती**

खरिद गर्दाखेरिको बाकसमा राख्ने या कागजे कार्टुन(गत्ता)ले बेर्नुहोस्।

**पारा थर्मामीटर / पारा रक्तचाप मनिटर**

घरेलु प्रयोगको लागि

पारालाई बाहिर निस्कन नदिनका लागि भित्रको सामान देखिने सानो खालको पारदर्शक झोलामा राख्नुहोस्।

थर्मामीटर रक्तचाप मनिटर

**लाइटर**

सकेसम्म सबै प्रयोग गरी छुट्टै झोलामा राख्नुहोस्।

## कृपया अग्रिम रिजर्भ गर्नुहोस्

### ठूला आकारका फोहोर ( शुल्क लाग्ने)



घरबाट निस्कने फर्निचर, ओछ्यान, साइकल जस्ता 30 सेन्टीमिटर भन्दा बढी लम्बाईका ठूला आकारका फोहोरहरूका लागि, ठूला आकारका फोहोरको रिसेप्शन केन्द्रमा आवेदन दिनुपर्छ। (यदि साइज वा तौल निश्चित सीमाभन्दा बढी भने, त्यसलाई सङ्कलन गर्न सम्भव नहुन सक्छ।)

**ठूला आकारका फोहोरको रिसेप्शन केन्द्र**

आवेदन लागि

इन्टरनेट (24 घण्टा) https://www.shinjuku-sodai.com

shinjukuku sodaigomi uketuke खोज

☎03-5304-8080 (सोमबार देखि शनिबार, बिहान 8:00 बजे देखि साँझ! 7:00 बजे सम्म)! (वर्षको अन्त्य र नयाँ वर्षको विदा बाहेक)

ठला व्यापारिक फोहोरको व्यवस्थापन गर्ने जिम्मेवारी तपाई स्वयंले गर्नुपर्ने भएकोले ठला आकारका फोहोरको रिसेप्शन केन्द्रमा आवेदन दिन सक्नुहुन्न।कृपया फोहोर व्यवस्थापन गर्ने कम्पनी (लाइसेन्स प्राप्त कम्पनी) लाई सिधै सम्पर्क गर्नुहोस।इजाजतपत्र प्राप्त व्यवसायहरू बारे जानकारीको लागि,कृपया सहरको वेबसाइटमा "व्यापार-सम्बन्धित फोहोर" भनेर खोज्नुहोस्।

### घरायसी प्रयोगका एयर कन्डिसनर, टिभी, फ्रिज,फ्रिजर, लुगा धुने मेसिन, लुगा सुकाउने मेसिन

यदि उत्पादनलाई बदल्न चाहनुहुन्छ भने, कृपया नया उत्पादन किन्ने पसलमा सम्पर्क गर्नुहोस्।

यदि उत्पादनको व्यवस्थापन मात्र गर्न चाहनुहुन्छ भने, कृपया व्यवस्थापन गर्ने उत्पादन खरिद गर्नुभएको पसलमा सम्पर्क गर्नुहोस्।

ढुवानी र रिसाइक्लिंग शुल्क आवश्यक पर्दछ। वडाले सङ्कलन गर्न सकिँदैन।
घरेलु उपकरण रिसाइक्लिंग कानून अन्तर्गत रिसाइकल गर्न अनिवार्य छ।

● यदि बिक्री पसलमा हस्तान्तरण गर्न नसकेको खण्डमा

**घरेलु उपकरण रिसाइक्लिंग रिसेप्शन केन्द्र**

इन्टरनेट (24 घण्टा)
https://kaden23rc.jp

shinjukuku kaden23rc uketuke खोज

☎0570-08-7200 (सोमबार देखि शुक्रबार, बिहान 9:00 बजे देखि साँझ 5:00 बजे सम्म (सार्वजनिक बिदामा बन्द हुने))

• यदि आफैले तोकिएको लेनदेन गर्ने ठाउँमा (वार्ड बाहेक) लैजान चाहनुहुन्छ भने, कृपया सरसफाइ कार्यालय वा पछाडिको पृष्ठमा रहेको प्रत्येक सरसफाइ केन्द्रमा सम्पर्क गर्नुहोस्।

थप जानकारीका लागि, फोहोरमैला सङ्कलन अधिकारी वा फोहोरमैला सङ्कलन केन्द्रलाई सम्पर्क गर्नुहोस्। (कृपया, जापानी भाषामा मात्र सोधपूछ गर्नुहोला।)

☐ Shinjuku Waste Collection Office ☎ 03-3950-2923 (2-1-1 Shimoochiai) ☐ Shinjuku-Higashi Waste Collection Center ☎ 03-3353-9471 (10-16 Yotsuya-San-ei-cho)
☐ Kabukicho Waste Collection Center ☎ 03-3200-5339 (2-42-7 Kabuki-cho)

R70 古紙パルプ配合率70%再生紙を使用 Utilizing 70% post-consumer recycled paper pulp
VEGETABLE OIL INK